# व्यवस्था

## सन्देश :



"यहोवेको करार नवीकरणको सर्तहरू पूर्ण हृदयले आज्ञाकारीताको साथ पुरा गरिनुपर्दछ । अन्ततः यो न्याय पश्चात योहेवेको कृपाद्धारा मात्र पुरा हुनेछ ।"[१३]

## शीर्षक :

यस पुस्तकको शीर्षक हिब्रूमा यसको पहिलो दुई शब्दहरू <yrbdh hla, जसको अंग्रेजी अनुवाद "these are the words" "यी ती वचनहरू हुन्" भन्ने अर्थ लाग्छ (१:१) जुन अंग्रेजी शीर्षक सेप्टूअजिन्ट अनुवादबाट आएको हो, जसले (deutronovmion) शीर्षकलाई प्रयोग गरेको छ जसको अर्थ "दोस्रो व्यवस्था" हो । यस शीर्षक १७:१८ खण्डको गलत अनुवादद्वारा हुन आएको हो ("यस दोस्रो व्यवस्था" भन्दा सही चाहिँ "यस व्यवस्थाको एक प्रतिलिपी" हुन्छ) । "दोस्रो व्यवस्था" भन्ने हरफलाई भल्गेट (ल्याटिन) अनुवादमा, जो सेप्टूअजिन्टबाट प्रभावित भएर, Deutronomium भनियो, जसद्वारा अंग्रेजी शीर्षक deuteronomy मा अनुवाद भयो ।

प्राय : जसलाई deuteronomy को अर्थ "दोस्रो व्यवस्था" हो भन्ने थाहा छ, उनीहरूले यस शीर्षकको इतिहास बुझेका हुँदैनन् र नयाँ पुस्तालाई यसको अर्थ "व्यवस्थालाई दोहोर्याइएको" हो भनेर पनि बताउँदैनन् । यो चाहिँ यस पुस्तकको सामाग्रीहरूको एउटा अनुमान मात्र हो भनेर भन्न सकिन्छ ।

## लेखक :

उत्पत्तिमा हेर्नुहोस् : लेखक

उद्धारवादी विद्वानहरूले योशियाहको पुर्नस्थापना (२ राजा २२-२३) भएको समयमा अज्ञात लेखकलाई व्यवस्थाको लेखकको संज्ञा दिइएको थियो र प्रायजसो, व्यवस्थाको प्रकाशन यही पुर्नस्थापनाको आधारमा भएको थियो भन्ने अवधारणा व्यक्त गरिन्छ । ७ औं शताब्दीको मितिले समेटेका तर्कसङ्गत कुराहरू:

(१) २ राजाहरू २२ मा भेट्टाईएको व्यवस्था, (२) पवित्रस्थानको केन्द्र यरूशालेममा हुनको लागि आज्ञाको समीकरण (व्यवस्था १२:१-१४) र

(३) इस्राएलको तितरबितर हुने र पछि फेरी भेला हुने सम्बन्धमा भविष्यवाणीहरू (व्यवस्था ४:२५-३१, २८:२०-६८, २९:२२-२८, ३०:१-१०; ३२:२३-४३) ।

आन्तरिक प्रमाणहरूद्वारा व्यवस्था पुस्तकको लेखक मोशा हुन् भन्ने कुरा सजिलै भन्न सकिन्छ । निम्न पदहरूले यी मोशाका शब्दहरू हुन् भन्ने कुराको दावी गर्दछन् (१:६,९; ५:१; २७:१,८; २९:२; ३१:१) र उनले लेखेका अन्य (३१:९, २४) पुरानो नियमका पुस्तकहरूमा पनि

[१३] जोनसोन, "व्यवस्थाको सारांश", २.

मोशा व्यवस्थाको लेखक हुन् भन्ने कुरा पाइन्छ । (यहोशू १:७; न्यायकर्ता ३:४; १ राजाहरू २:३; २ राजाहरू १४:६; एज्रा ३:२६; नेहेम्याह १:७; भजन १०३:७; दानिएल ९:११; मलाकी ४:४) । येशू ख्रीष्टले पनि मोशालाई व्यवस्थाको लेखकको रूपमा पहिचान गराएका छन् (मत्ती १९:८) र प्रेरित पावलले (१ को. ९:९) र हिब्रूका लेखकले (हिब्रू १०:२८) पनि । येशू ख्रीष्टको समयका यहुदीहरूले पनि मोशालाई नै लेखकको रूपमा लिएका छन् (मत्ती २२:२४; मर्कूस १०:३-४; १२:१९) ।

**प्राप्तकर्ता (पाउने व्यक्तिहरू) :**

लेवीको पुस्तक जस्तै पुजाहारीहरू र लेवीहरूको लागि मात्र नभई मोशाले व्यवस्थाको पुस्तक सम्पूर्ण इस्राएलीहरूको लागि हो (१:१,३,६) भनेर सम्बोधन गारेका छन् । “तिमीले त्यस देशमा लामो आयु पाउनेछौ, दिर्घायु हुनेछौ” ४:४०;३२:४७) भन्ने वाक्यले स्पष्ट बनाउँछ कि यस पुस्तक केवल यर्दन पार गर्ने पुस्ताको लागि मात्र नभएर पछि आउने प्रत्येक इस्राएलीहरूको पुस्ताको लागि पनि हो ।

**लेखिएको मिति :**

स्पष्टत : मोशाले यस पुस्तक मोआबको मरूभूमिमा उनको मृत्यु हुनु भन्दा केही समय अगाडी लेखेका थिए, जुन १४०६ ई.पू[१४] तिर भएको थियो । व्यावस्थाको संरचनासँग, पूर्वीय सभ्यता भूमि अधिकरण Near Eastern suzerainty-vassal को बनावटसँगको समानताले यसको शुरुवाती लेखनको मितिलाई पुष्टि गर्दछ (तल साहित्यिक विशेषताहरूमा हेर्नुहोस्) । किनभने मोशाको मृत्यु ३४ अध्यायमा लेखिएको छ, यो अध्याय चाहिँ पछि यहोशू जस्तै कोही व्यक्तिले जोडेको खण्डको रूपमा लिइन्छ ।
निश्चित गरिदिने आन्तरिक र बाह्य प्रमाणहरूको बावजुत पनि धेरै विद्वानहरू व्यवस्थालाई पछिल्लो मिति दिन रुचाउँदछन् । यी आलोचकहरूले मोशाको पछिल्लो तर सातौँ शताब्दी पहिलेको मिति र सातौँ शताब्दीको मिति योशियाहको युगमा वा निर्वासन पश्चातको मिति पनि दिने गरेका छन्[१५] ।

**ओगटिएको समयअवधिको मिति :**

यद्यपि व्यवस्थाको पुस्तक मुख्यतयाः इतिहासहरूको लेखा चाहिँ होइन (तल ऐतिहासिक सन्दर्भमा हेर्नुहोस्) यसले केही ऐतिहासिक कुराहरूलाई समावेश गरेको छ जुन पहिले नै प्रस्तुत गरिएको विषयवस्तुहरूमा थपिन्छ । यस इतिहासको क्षेत्र एकदमै संक्षिप्त रहेको पाइन्छ । यसले एक महिनाको अवधिलाई ओगटेको देखिन्छ (व्यवस्था १:३;३४:८;यहोशू ५:६-१२) । सम्पूर्ण लेखिएका घटनाहरू (अवश्य नै यसमा उजाडस्थान/मरूभूमिमा भौतारिएर हिँडेको ऐतिहासिक स्मरणका कुराहरू समावेश गरिएको छैन) प्राय सम्भवत: मोआवको मैदानहरूमा इस्राएलीहरू प्रतिज्ञाको भूमि, कनानमा प्रवेश गर्नु केही हप्ता अगाडी मात्र घटेका थिए ।

---

[१४] यो प्रस्थानको लागि प्रारम्भिक मिति मानिन्छ । प्रस्थानको मितिको बारेमा थप जानकारी लिनको लागि “ब्रामरको प्रस्थानको तर्क” मा भएका सामाग्रीहरूलाई हेर्नुहोस् ।

[१५] १५ मितिहरू राख्ने मामिलामा प्राय टिप्पणीहरू र पुरानो नियममा परिचयहरूले व्यक्त गरेका छन् जस्तै R.K. Harrison, पुरानो नियमको परिचय (Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1969): 495-541, 637-53; or Gleason L. Archer *A Survey of Old Testament Introduction* (Chicago: Moody Press, 1974):

## ऐतिहासिक सन्दर्भ :

व्यवस्थाको पुस्तक उत्पत्ति, प्रस्थान र गन्तीको पुस्तक जस्तै इतिहासका कुराहरूको बारेमा भएको पुस्तक होइन । यो पुस्तक लेवीको पुस्तक जस्तै व्यवस्था र परमेश्वरको सिद्धान्तको विषयमा हो । यसले लगभग विशेष निर्देशन र सन्देश/वचनहरूलाई समावेश गरेको छ ।

## ईश्वरशास्त्रीय सन्दर्भ :

व्यवस्थाको पुस्तकको महत्वलाई ईश्वरशास्त्रीय कागजातको रूपमा मुश्कीलले बढाईचढाई गर्न सकिन्छ[१६] । यी अधारभूत विषयहरू जस्तै परमेश्वरको व्यक्तित्व, र परमेश्वरले मानिसबाट के अपेक्षा गर्नुहुन्छ आदिलाई सावधानीपूर्वक संबोधित गरिएको छ । योहवे, परमेश्वर, जसको सम्बन्धहरू करारमा बाँधिएको छ, भन्ने रूपमा हेरिएको छ (२९:२ख-६) । प्रत्येक पुस्ताले करारको दायित्वलाई पुर्नस्थापना गरेको खण्डमा इस्राएलका मानिसहरूलाई प्रतिज्ञाको देशमा आशिष् दिने योजना बनाउनुभयो (१:१; ३२:४६-४७) । यी आशिष्हरू करारप्रतिको दायित्वको आदेशहरू र नियमहरूको आधारमा सञ्चालन हुनेछ। तथापी, जुन आशिषहरूको योजना गरियो, ती योजनाहरू पछिको पुस्ताहरूका निम्ति निन्दा र श्रापमा परिणत भए (४:२५-३०क; २८:१५-६८) । आशिषको अन्तिम परिपूर्ति चाहिँ न्यायपछि परमेश्वरको कृपामा मात्र प्राप्त हुनेछ, किनकी उहाँमात्र यस्तो परमेश्वर हुनुहुन्छ जसले आफ्नो करारको प्रतिज्ञालाई कहिले बिर्सनुहुन्न । (४:३०ख;३१)

प्रतिज्ञाको भूमि चाहिँ व्यवस्थाको पुस्तक भरिमा अर्को एउटा मुख्य विषयवस्तु हो । प्रतिज्ञाको भूमि परमेश्वरले इस्राएलीहरूलाई उपहार स्वरूप दिनुभएको हो भन्ने बुझिन्छ तापनि त्यस भूमिमाथि उनीहरूले वियज प्राप्त गरेर अधिकार गर्नुपर्दथ्यो,[ञठ] किनभने यहोवे परमेश्वर सार्वभौम हुनुहुन्छ जो सबैथोकको मालिक हुनुहुन्छ (व्यवस्था ३२:८-९; यहोशू २३:४), उहाँले रोज्नु भएकाहरूलाई दिने अधिकार उहाँमा छ । यस सन्दर्भमा उहाँले इस्राएलीहरूलाई दिनको लागि रोज्नुभयो जबसम्म उनीहरू उहाँ प्रति आज्ञाकारी हुन्छन् । यस भूमिमा इस्राएलीहरूले शारीरिक र आत्मिक दुवै कुरामा समृद्ध हुने आशा राख्न सक्थे ।

प्राय सन्दर्भमा नबुझिएता पनि व्यवस्था र प्रेम पनि व्यवस्थाको पुस्तकका महत्वपूर्ण विषयहरू हुन् । व्यवस्था अनुग्रहको सन्दर्भमा बुझिनुपर्छ जसमा यो दिइएको थियो (प्रस्थान २०:१-२; व्यवस्था ७:१-११) । व्यवस्था ६:२०-२५ ले स्पष्ट रूपमा व्यक्त गर्दछ कि व्यवस्था चाहिँ इस्राएलीहरूलाई मिश्री दासत्वबाट निकालिएको सम्बन्धमा परमप्रभुले उद्धारको कार्य गर्नुभएको एउटा साक्षी हो । व्यवस्थाको पुस्तकले छुटकारा गरेर ल्याइएको आधारमा यहोवा र इस्राएल बिचको सम्बन्धको प्रकृतिलाई विस्तार गर्दछ[ञड]। व्यवस्थाको पुस्तकले परमेश्वरलाई प्रेम गर्न, परमेश्वरको सेवा गर्न र उहाँको आज्ञाहरूलाई पालन गर्नका लागि उहाँका मानिसहरूलाई बोलावट साथै उत्साहित गरेको पाइन्छ (व्यवस्था १०:१२-१३) ।

---

१६ व्यवस्थाको प्रयोग पुरानो नियममा मात्र नभई पछि पनि नयाँ नियमका लेखकहरूको ८० पटक भन्दा बढी यसलाई उल्लेख गरेको पाइन्छ ।

१७ "पवित्र युद्ध"को धारणा व्यवस्थाको पुस्तकमा विशेष विषयको रूपमा मानिन्छ । (६:१९;७:१-११;९:१-३; ११:२३-२५;१२:२९-३९;२०)

१८ विलियम जे. डमब्रेल, the faith of israel (ग्राण्ड र्यापिडडः वेकर बुक हाउस, १९८८) ५५-६० ।

**साहित्यिक विशेषताहरू :**

मोशाले प्राचीन पूर्वीय सुजारिनिक भूमि अधिकरणको सम्झौताको बनावटलाई प्रयोग गर्दै इस्राएलीहरूलाई सम्पूर्ण हृदयले यहोवेलाई प्रतिक्रिया दिनु भनि आग्रह गरेका छन् । उनले देशको पेशाको बारेमा अघि बाटै जानेर करार नविकरणको लागि सर्तहरूको रूपमा व्यवस्था र आदेशहरू वर्णन गर्दै यो काम गरेका छन् ।[१९]

चौधौँ र तेह्रौँ शताब्दीमा (ई.पू.) हित्तीहरूको सन्धि पुरानो नियमको धर्मशास्त्रको अध्ययनको लागि सुजेरेन्टी (भूमि अधिकरणको) सम्झौताको विशेष महत्व रहेको पाइन्छ किनकी उनीहरूले धर्मशास्त्रको करारको रूपमा र संरचनात्मक समानन्तरताहरूको उल्लेखनीय स्थिरता देखाउँदछन् । ती समानताहरू प्रस्थानको दश आज्ञामा, यहोशू २४ र विशेष गरी व्यवस्थाको पुस्तकमा पाउन सकिन्छ ।

हित्तीहरूको सन्धिमा समावेश गरिएका विभिन्न धाराहरू :

**प्रस्तावना :** यस संक्षिप्त भागले व्यक्तिको समावेश, ठाउँ र मितिहरूको विस्तृत विवरण दिदँछ ।

**ऐतिहासिक प्रस्तावना** : मुख्यतया यस खण्डले अझै व्यापक रूपमा दुई पक्ष विच सम्बन्धित पुरानो सम्बन्धहरूको बारेमा बताउँदछ । विशिष्ट भूमि अधिकरणको सम्झौतामा राजा जसले प्रजाको समूहसँग सन्धी लागु गर्दथे जसले तिनीहरूलाई दिएका सबै लाभहरूको विषयहरूमा र यी घटनाहरूको इतिहासलाई याद गराउँदछ ।

**विशिष्टकरण** : यो खण्ड सम्झौताको मुटु र यसको विस्तृत खण्ड हो । यहाँ राजाले आफ्ना प्रजाहरूबाट अपेक्षा गरेको आधारभूत आवश्यकताहरूको रूपरेखा प्रस्तुत गर्दछन् र त्यसपछि ती विस्तृत मामिलाहरूमा कसरी जान सकिन्छ भन्ने बारेमा वर्णन गर्न सक्छन् ।

**स्वीकृति :** यस खण्डले सम्झौताको प्रतिक्रिया समावेश गर्दछ र त्यसपछि शर्तहरूको पालना गर्नेहरूका लागि करार र आशिषहरू नियमलाई उल्लङ्घन गर्नेहरूका लागि श्रापको रूपमा स्वीकृतिहरू दिइन्छ । प्रायजसो श्रापहरू आशिष् भन्दा धेरै व्यापक हुन्छन् र प्रायजसो अशिषले श्रापलाई पछ्याउँदछ ।

**राजकीय व्यवस्था :** यस छोटो खण्डले प्राय : सन्धीको कागजात परिचित स्थानमा स्थानान्तरण गरिने र यसका सामग्रीको सार्वजनिक समारोहहरूमा यसबाट पाठ गर्ने प्रावधानको बारेमा उल्लेख गर्दछ ।

हित्ती सन्धीहरूको साक्षीहरू चाहिँ धेरै स्थानीय देवताहरू थिए जसका नामहरू दिइएको छ । सन्धीका सर्तहरू तोडिएमा सोही अनुसार कार्य गर्ने प्रावधान रहेको थियो ।

मेरिडीथ क्लाइनले (Meredith Kline) उनको पुस्तक "treaty of the great king" मा[२०] उनी पहिलो व्यक्ति हुन् जसले व्यवस्थाको सबै बनावट हित्ती सन्धीको ढाँचामा सम्बन्धित छ भनेर खोजी गरेका थिए ।

---

[१९] एल्लीटन इ. जोनसन "synopsis of deutromony" बाट लिइएको (पेन्टाटूक सम्बन्धी सेमिनार ३७१मा प्रयोग गरिएको प्रकाशन नभएको नोट, डलास थियोलोजीकल सेमिनार, स्प्रिङ्ग १९९३),२ ।

[२०] मेरीडीथ जि. क्लाइन, "treaty of the great king" (ग्राण्ड र्यापिड्स : इर्डमान्स पब्लिसिङ क. १९६३)

उनको विश्लेषणले निम्न कुराहरू समावेश गरेको पाइन्छ :

**१. प्रस्तावना :** करारको मध्यस्थकर्ता (१:१-५)

**२. ऐतिहासिक प्रस्तावना** : करारको इतिहास (१:६-४:४९) १:७-४:४३

**३. विशिष्टकरण :** करारको जीवन (५:१-२६:१९) ४:४४-२६:१९

अ. महान आज्ञा ५-११

आ. थप आज्ञाहरू (१२:१-२६:१९)

**४. प्रतिबन्ध :** करारको अनुसमर्थन (२७:१-३०:२०)

**५. राजकीय व्यवस्था :** करारको नियमितता (३१:१-३४:१२)

व्यवस्थाको पुस्तकलाई करार नवीकरण लेखको रूपमा लिदाँ, यहोवे परमेश्वर चाहिँ महान् राजा (मालीक, सुजेरियन, प्रभु) र सम्झौताको स्रोतको रूपमा, इस्राएलीहरू अधिनमा परेका (वा दास) को रूपमा देखिएका, र मोशा राजाको मध्यस्थकर्ता र समाचारवाहकको रूपमा देखिएका छन् । यो सम्बन्धमा उहाँ को हुनुहुन्छ भन्ने कुरा (सृष्टिकर्ता र उद्धारकर्ता) उहाँको गुणहरूद्वारा देखिन्छ र मानिस को हो (प्राणी र पापी) !

व्यवस्थाको पुस्तकले मानिसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ र मानिसले परमेश्वरलाई प्रेम गर्नुपर्दछ भनेर स्पष्ट रूपले देखाउँदछ । यद्यपि व्यवस्थाको पुस्तक सुजारिनिक- भूमि अधिकरणको सम्झौताको बनोटमा उल्लेखित छ, र यी चार प्रवचनको श्रृंखलाद्वारा यसको भित्री संरचना प्रस्तुत गरिएको छ । यी प्रवचनहरूले ऐतिहासिक प्रस्तावनाको उद्देश्य पूरा गर्दछन् (परिचय) (प्रवचन १ [१:१-४:४३]), विशिष्टीकरणहरू (प्रवचन २ [४:४४-२८:६८]) र स्वीकृतिहरू (प्रवचन ३ [२९:१-३०:२०]) र ४ [३१:१-३४:१२]) । व्यवस्थाको पनि प्रस्तावना र राजकिय भाव छ तर छुट्टै प्रवचनको रूपमा छैन ।

**उद्देश्यहरू :**

व्यवस्थाको पुस्तक इस्राएलीहरूको दोहोरिएको इतिहासको रूपमा दिइएको थियो ताकी विजयको नजिकै पुगेको अवस्थामा पहिले सिनै पर्वतमा गरिएको करारको नवीकरण अनुसार प्रतिबद्धताको साथमा विजयी पुस्ता (राष्ट्र)ले परमेश्वरको सेवा गरून् भनेर हुन सक्छ (प्रस्थान १९) । राष्ट्रले युद्ध, परिक्षा, ४० वर्ष मरूभूमि भौतारिएर हिँडेपछिको व्यवस्थित बसोवासको जीवन,सामना गर्नुपरेको थियो, र एक नयाँ अगुवाको नेतृत्वमा जीवन विताउनुपरेको अवस्था थियो । इस्राएलीहरू, करारको गहन बुझाइ र करारको पुन : नवीकरणको लागि बाइबलीय/ऐतिहासिक प्रोत्साहनको आवश्यकतामा परेका थिए । यस सामग्रीले राष्ट्रिय र व्यक्तिगत जिम्मेवारीहरूको बारेमा शिक्षा दिन्छ जसले इस्राएलीहरू प्रतिज्ञाको भूमिमा जीवन जिउँदा संवैधानिक सम्बन्धहरू निर्माण गर्न मद्दत पुर्‍याएको थियो ।

**वर्णनात्मक/व्याख्यात्मक रूपरेखा**

**अ. प्रस्तावना :** मोशा-करारको मध्यस्थकर्ता (१:१-५)

इस्राएलीहरूसँगको करारको सर्तहरू नै व्यवस्था हो जुन मोशाले व्याख्या गरिदिएका थिए । उनले महान् राजा यहोवेको मध्यस्थकर्ता र सन्देश वाहकको रूपमा कार्य गरे ।

**आ. ऐतिहासिक प्रस्तावना** : करारको इतिहास-यहोवेको विश्वासयोग्यता र इस्राएलीहरूको अविश्वासयोग्यता (१:६-४:४३)

क. इस्राएली र यहोवेको सम्बन्धको इतिहास, मानिसहरूको पटक-पटक दोहोरिएको अविश्वासयोग्यताको बावजुद पनि यो यहोवेको विश्वासनीयतामा आधारित छ। (१:६-३:२९)

ख. इस्राएलीहरू र यहोवेको सम्बन्धको भविष्य, प्रतिज्ञाको देशमा अविश्वासयोग्यताको बावजुद यहोवेको आफ्नो प्रतिज्ञा प्रतिको विश्वसनीयतामा आधारित छ। (४:१-४३)

**इ. विशिष्टीकरण :** करार अनुसारको जीवन जिउनको लागि सम्पूर्ण हृदयको आज्ञाकारिता आवश्यक पर्दछ (४:४४-२६:१९)

क. मोशाले १० आज्ञाहरूको प्रस्तुत/व्याख्या गरे जसले पूर्ण हृदयको आज्ञाकारिता माग गर्दछ (४:४४-११:३२)

ख. मोशाले थप आज्ञाहरूको पस्तुत/व्याख्या गरे जसले पनि पूर्ण हृदयको आज्ञाकारिताको नै माग गर्दछ (१२:१-२६:१९)

**ई. प्रतिबन्ध :** करार अनुमोदन र पुर्नस्थापना गरिएको आशाहरू (२७:१-३०:२०)

क. करार नविकरणको लागि मोशाको आव्हान, आज्ञाकारिताको लागि आशिष र अनाज्ञाकारिताको लागि श्रापको घोषणा (२७:१-२८:६८)

ख. अनाज्ञाकारितालाई न्याय गरिनेछ तर प्रतिज्ञा गरिएको आशिष यहोवेको कृपाद्वारा प्रकट हुन्छ (२९:१-३०:२०)

**उ. राजकीय व्यवस्था :** करारको निरन्तरता (३१:१-३४:१२)

यहोवेले स्थापना गर्नुभएको सम्बन्ध करारको मध्यस्थकर्ताहरूको नियमिततामा आधारित छ।

## विस्तारित वर्णनात्मक/व्याख्यात्मक रूपरेखा

**अ. प्रस्तावना :** मोशा-करारको मध्यस्थकर्ता (१:१-५)

इस्राएलीहरूसँगको करारको सर्तहरू नै व्यवस्था हो जुन मोशाले व्याख्या गरिदिएका थिए। उनले महान् राजा यहोवेको मध्यस्थकर्ता र सन्देश वाहकको रूपमा कार्य गरे।

**आ. ऐतिहासिक प्रस्तावना** : करारको इतिहास-यहोवेको विश्वासयोग्यता र इस्राएलीहरूको अविश्वासयोग्यता (१:६-४:४३)

क. इस्राएली र यहोवेको सम्बन्धको इतिहास, मानिसहरूको पटक-पटक दोहोरिएको अविश्वासयोग्यताको बावजुद यहोवेको विश्वासनीयतामा आधारित छ। (१:६-३:२९)

१. सिनैदेखि कादेशसम्म परमेश्वरको निर्देशन (१:६-४६)

२. कादेशदेखि मोआवको फाँटसम्म परमेश्वरको निर्देशन (२-३)

   क. कादेश देखि एमोरी सीमा सम्मको परेड यात्रा (२:१-२३)

   ख. सिहोनको राज्यमाथि विजयी (२:२४-३७)

   ग. ओगको राज्यमाथि विजयी (३:१-११)

   घ. विजय प्राप्त गरिएको देशहरूको वितरणको समिक्षा (३:१२-२०)

   ङ. मोशाद्वारा भविष्यका आशिषहरूको भविष्यवाणी (३:२१-२९)

ख. इस्राएलीहरू र यहोवेको सम्बन्धको भविष्य, प्रतिज्ञाको देशमा अविश्वासयोग्यताको बावजुद यहोवेको आफ्नो प्रतिज्ञा प्रतिको विश्वसनीयतामा आधारित छ। (४:१-४३)।

१. सुन्न र पालन गर्न आग्रह (४:१-४३)

२. होरेब पर्वतमा परमेश्वरको उपस्थिति (४:९-१४)
३. मुर्तिपूजाको निषेध र त्यसका परिणामहरू (४:१५-३१)
४. यहोवे र इस्राएलको विशिष्टिकरण (४:३२-४०)
५. ऐतिहासिक मध्यान्तर : यर्दनको पारीपट्टी शरणस्थानको सहरहरूको स्थापना (४:४१-४३)

**इ. विशिष्टीकरण :** करारको जीवनको लागि पूर्ण हृदयको आज्ञाकारिता आवश्यक हुन्छ । (४:४४-२६:१९)

क. मोशाले १० आज्ञाहरूको प्रस्तुत गरे जसले पूर्ण हृदयको आज्ञाकारिताको माग गर्दछ (४:४४-११:३२)
१. दोस्रो बसोबास क्षेत्रको परिचय (४:४४-४९)
२. १० आज्ञाहरूको व्यख्या र त्यसको जारी (५ अ.)
३. एक व्यक्तिले आफ्नो सम्पूर्ण हृदयले यहोवेलाई प्रेम गर्नुपर्छ भन्ने अर्ती (६ अ.)
४. कनानी र उनीहरूको मुर्तिपूजालाई नाश गर्ने आदेश (७ अ.)
५. घमण्ड र परमेश्वरलाई बिर्सने विरुद्ध चेतावानी (८ अ.)
६. परमेश्वरलाई प्रेम गर्ने र उहाँको भय मान्ने सल्लाह (१०:१२-११:३२)

ख. मोशाले थप आज्ञाहरू प्रस्तुत गरे जुन कुराहरूले पनि पूर्ण हृदयको आज्ञाकारिताको माग गर्दछ (१२:१-२६:१९)
१. धार्मिक जीवनको परिचालन गर्ने व्यावास्थाहरू प्रस्तुत गरिएको (१२:१-१६:१७)
अ. परमेश्वरको आराधना गर्ने ठाउँ र तरिका (२ अ.)
आ. मुर्तिपूजा गर्ने र गर्न लगाउनेको विरुद्ध दण्ड (१३ अ.)
इ. कनानीहरूको वस्त्र र अशुद्ध खानेकुराको बहिष्कार (१४:१-२१)
ई. उत्पादनको दशांस दिने लागु गरिएको (१४:२२-२९)
उ. इस्राएलमा गरिब र कमजोरहरूको अधिकार (१५:१-१८)
ऊ. पहिले जन्मेका पशुहरूको पवित्रीकरण (१५:१-१८)
ए. निस्तार चाड, साताहरूको चाड र छाप्रो बासको चाड (१६:१-१७)
२. नागरिकहरूको जीवन परिचालन गर्ने व्यवस्था प्रस्तुत गरिएको (१६:१८-१८:२२)
अ. न्यायको प्रशासन र राजाको छनोट (१६:१८-१७:२०)
आ. पुजाहारीहरू, लेवीहरू, र अगमवक्ताहरूको व्यवस्थापन (१८)
३. घरेलु जीवनको परिचालन गर्ने व्यवस्था प्रस्तुत गरिएको (१९:१-२६:१५)
अ. शरणस्थानको सहरहरू, साँध सिमाना र झूटा साक्षीहरूको लागि दण्ड (१९ अध्याय)
आ. भविष्यमा हुने युद्धहरू सम्बन्धी निर्देशन (२० अध्याय)
इ. अज्ञात हत्याको प्रायश्चित, बन्दी गरिएको श्रीमतीको विषयमा नियम, जेठो अधिकार, दुष्ट छोराको सजाय, झुण्डिएर मरेको मानिसलाई गाढ्ने सम्बन्धमा (२१ अध्याय):
ई. आफ्नो छिमेकीलाई प्रेम गर्ने दायित्व, प्राकृतिक क्रम जारी राख्नु, र विवाहको पवित्रीकरणको निर्देशन (२२ अध्याय)
उ. इस्राएलको नागरिक अधिकार (२३ अध्याय)
ऊ. छोडपत्र, हृदयको कठोरता र अन्याय विरुद्धको चेतवानी (२४ अध्याय)

ए. सामुहिक सजाय, दाजुको मृत्यु भएको खण्डमा उसको श्रीमतीलाई भाईले विवाह गर्ने सम्बन्धमा र निष्पक्षताको प्रकटीकरण (२५ अध्याय)

४. औगटे फल र दशांस चढाउँदाको धन्यवाद ज्ञापन (२६:१-१५)

**ई. प्रतिबन्ध :** करारको अनुमोदन र पुर्नस्थापना गरिएका आशाहरू (२७:१-३०:२०)

क. करार नवीकरणको लागि मोशाको उर्दी, अनाज्ञाकारीताको लागि श्रापको घोषणा (२७:१-२९:१)

१. भूमिमा नियम कानूनहरूको व्यवस्थापन (२७ अध्याय)

२. आशिषहरू र श्रापहरू (२८ अध्याय)

अ. आशिषहरू (२८:१-१४)

आ. श्रापहरू (२८:१५-२९:१)

ख. अनाज्ञाकारीताको न्याय हुनेछ तर प्रतिज्ञा गरिएको आशिष यहोवेको कृपाद्वारा प्रकट हुनेछ । (२९:२-३०:२०)

१. आज्ञाकारीता र विश्वासयोग्यताको लागि आग्रह (२९:२-२९)

अ. ऐतिहासिक समीक्षा (२०:२-३)

आ. सभाको उद्देश्य (२९:१०-१३)

इ. आज्ञापालनको महत्व (२९:१४-२१)

ई. अनाज्ञाकारीताको परिणाम (२९:२२-२९)

२. निर्णय गर्नको लागि बोलावट (३० अध्याय)

अ. पुर्नस्थापनाको सम्भावना(३०:१-१०)

आ. आज्ञाकारीताको पुनः पुष्टिको महत्व (३०:११-२०)

इ. राजकीय स्वभावः करारको निरन्तरता (३१:१-३४:१२)

क. इस्राएलका भविष्यका अगुवाहरूको कार्यहरू (३१:१-२९)

१. यहोशूको प्रस्तुति (३१:१-८)

२. सात वर्षको अन्तमा करारको नवीकरण गर्ने समारोह (३१:९-१३)

३. यहोशूलाई आदेश दिइएको (३१:१४-२३)

४. परमेश्वरको वचनहरूको संरक्षण (३१:२४-२९)

ख. मोशाको भजन (३१:३०-३२:४७)

ग. मोशाको मृत्युको घोषणा गरिएको (३२:४८-५२)

घ. कुलहरूलाई मोशाको आशिष (३३ अध्याय)

ङ. मोशाको मृत्यु र दफन (३४ अध्याय)

## व्याख्यात्मक समस्याहरू :

### १. व्यवस्थाको पुस्तकमा मसिहको भूमिका :

खीष्टको सन्दर्भमा भनिएको कुरा सबैभन्दा स्पष्ट र भविष्यवाणीको विवरण १८:१५ मा, “परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका आफ्नै दाजुभाईहरू मध्येबाट मजस्तै एकजना अगमवक्ता तिमीहरूका निम्ति खडा गर्नुहुनेछ । तिमीहरूले तिनको कुरा ध्यानसित सुन्नु । (१८:१६-१९; ३४:१०-१२; प्रेरित ७:३७), मोशालाई खीष्टको प्रकारको रूपमा चिन्नमा गाह्रो हुन्छ । खीष्टले जस्तै मोशाले पनि भविष्यवक्ताको रूपमा काम गर्नेछन् (३४:१०-१२), पुजारी (प्रस्थान ३२:३१-३५), र राजाको रूपमा (३३:४-५) काम गर्नेछन् । एक प्रकारको रूपले हेर्ने दृष्टिकोण र बुझाईले मोशालाई खीष्टको प्रकारको रूपमा देखाउँदा केही हदसम्म यसले असर गर्छ ।

### २. कनानीहरूको विनाश गर्ने आज्ञाको न्याय :

धेरैले यस आज्ञालाई, प्रेमिलो परमेश्वरको मामिलामा अमानवीय र अनैतिक भएको ठान्दछन, यसलाई निम्न बुदाँहरू ध्यानमा राखी बुझ्नुपर्दछ : (१) उनीहरूको पापको कारण उनीहरू मारिन योग्यका थिए (९:४-५), (२) उनीहरूले पश्चाताप गरेनन तर इस्राएलको डरका कारण निरन्तर परमेश्वरलाई घृणा गरिनै रहे (७:१०), (३) कनानीहरू त्यो नैतिकताको लागि क्यान्सर जस्तै थिए यदि जीवित छोडिएको खण्डमा इस्राएललाई विनाश गर्ने खतरा थियो (२०:१०-१८; गन्ती ३३:५५; यहोशू २३:१२-१३) । (४) कनानी शिशुहरूको जवाफदेही हुने उमेर अघि नै भएको मृत्युलाई ईश्वरशास्त्रमा शिशुको लागि अनन्त कल्याणको सन्दर्भमा एक वास्तविक आशिषको रूपमा हेर्ने गरिन्थ्यो ।[२१]

### ३. शुद्ध र अशुद्ध पशुहरूको सन्दर्भमा नियमहरूको/व्यवस्थाहरूको उद्देश्य :

किन केही पशुहरू शुद्ध र अन्य चाहिँ अशुद्ध भन्ने कुराको व्याख्या गर्न प्रायः चारवटा कारणहरू दिने गरिन्छ : (१) स्वच्छतामा तर्क-तर यसलाई अस्वीकार गर्न सकिन्छ किनभने येशूले सम्पूर्ण खानेकुराहरूलाई शुद्ध घोषित गर्नुभएको छ (मर्कूस ७:१४-२३) केहि “शुद्ध” भनिएका पशुहरू अहिले “अशुद्ध” पशुहरू भन्दा खतरनाक भएको थाहा हुन आएको छ र पुरानो नियममा बाहेक अन्त कहीँ पनि स्वच्छतालाई कारणको रूपमा दिइएको छैन । (२) मुर्तिपुजाको अन्धविश्वासमा प्रयोग हुने बारे तर्क- तर केही अशुद्ध पशुहरू मुर्तिपुजाको प्रक्रियामा प्रयोग गरिए भन्ने कुरामा कुनै शंका छैन, यसले किन मुर्तिपुजकहरूले प्रयोग गर्ने केही पशुहरूलाई इस्राएलको निम्ति “शुद्ध” घोषित गरियो भन्ने बारेमा चाहिँ व्याख्या गर्दैन । (३) सङ्केतिक तर्क-यसले यो तर्क गर्दछ कि “शुद्ध” र “अशुद्ध” पशुहरू मानवीय संसारमा क्रमश : असल र खराबको प्रतिकको रूपमा रहेका छन् । यो तर्क सम्भव छ तर होशीयार हुनुपर्छ की बाइबलले दिएको दायराभन्दा बाहिरको र असल व्याख्यालाई उल्लङ्घन गर्ने विवरणहरू पेश नगरीएको होस् । (४) स्वेच्छिक तर्क - यो “शुद्ध” र “अशुद्ध” बीचको भिन्नता ईश्वरीय प्रकाशको आज्ञा पालन गरेर

---

[२१] जैक एस डीरे, “व्यवस्था,” बाइबल नालेज कमेन्टरी, ओल्ड टेस्टामेन्टमा। एड जोन एफा वाल्ववार्ड र रोय बी । जक (Wheaton, IL: Victor Books, 1985), २६६

यहोवासँगको आफ्नो विशेष सम्बन्ध अभिव्यक्त गर्ने एक शुद्ध स्वेच्छा तरिका हुनसक्छ । यो पछिल्लो तर्क अधिक सम्भावित देखिन्छ ।

**धर्मशास्त्र प्रतिको योगदान :**

**१. मोशाको करारको स्वीकृति :**

व्यवस्थाको पुस्तकले इस्राएलीहरूको सम्बन्धलाई प्रतिज्ञाको भूमिसम्म कायम रहेको देखाउँदछ । यसरी व्यवस्थाको पुस्तक, दुवै निर्वासन अगाडी "preexilic" र निर्वासन पछाडीका "postexilic" भविष्यवक्ताहरूलाई उचित तवरले बुझ्नका साथै पुरानो नियमका ऐतिहासिक सामाग्रीको सन्तुलनको लागि आधारभूत मानिन्छ । तल दिइएको तालिकाले विभिन्न आशिषहरूको र श्रापहरूको साथै भविष्यवक्ताहरूले प्रयोग गरेका विशेष सन्दर्भको अनुमानित संख्या र समयहरूको रूपरेखा प्रदान गर्दछ ।[२२]

[२२] म ब्रिक्रेस्ट बाइबल कलेजको केन गुएन्टर र बाइबिलिकल सेमिनरीप्रति दणी छु जुन उसले भविष्यवक्ताहरूको आफ्नै पढाइमा संकलन गरेको छ ।